भद्रपुर नगरपालिका

**स्थानीय राजपत्र**

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ७ भद्रपुर, मंसिर २७ गते, २०८० साल, संख्या ०१

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिका बाट जारी भएको देहाय बमोजिमको कार्यबिधि, सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भद्रपुर नगरपालिकाको कृषि उपज तथा गैर कृषि वस्तु उत्पादन तथा बजारीकरण कार्यविधि २०८०

*स्वीकृत मिति २०८०/०८/२५*

*प्रमाणीकरण मिति २०८०/०८/२७*

## प्रस्तावना:

भद्रपुर नगरपालिकाबाट संचालन गरिने उद्यमशीलता र उत्पादनमुखी तालिम गोष्ठि प्रशिक्षण तथा अन्य उत्पादन मूलक सीप मूलक कार्यक्रमहरु मार्फत वस्तु र सेवाको उत्पादन र बजारीकरण प्रक्रिया सरल, सहज, व्यवस्थित, पारदर्शी र छिटो छरितो बनाई उद्यमशील सोचलाई प्रोत्साहन गर्न तथा उत्पादित कृषि गैरकृषि समेतका बस्तु वा सेवालाई बजारीकरण गर्न अति आवश्यक भएकोले भद्रपुर नगरपालिकाको नगरकार्यपालिकाले स्थानीय सरकार संचालान ऐन २०७४, को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरेको छ |

## परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम **"भद्रपुर नगरपालिकाको कृषि उपज तथा गैर कृषि वस्तु उत्पादन तथा बजारीकरण कार्यविधि, २०८०" रहेको छ** |

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई नगर प्रमुखबाट प्रमाणिकरण भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागे, यस कार्यविधिमा

**क. " उत्पादन"** भन्नाले नगरपालिकाले संचालन गरेको तालिम, गोष्ठी प्रशिक्षण र रोजगारीमूलक कार्यक्रम तथा कृषि तथा गैर कृषि क्षेत्रमा उद्यमशीलता प्रवर्धनका अन्य कार्यक्रमबाट तयार भएको सजीव वा निर्जीव वस्तु सम्झनुपर्छ |

**ख. "स्विकृत कार्यक्रम" भन्नाले** वार्षिक बजेट अनुसार नगरपालिका आफैले वा अन्य संघसंस्था, सहकारी र निजी क्षेत्रसँगको सहकार्य वा सम्झौता अनुसार संचालन गरेको कार्यक्रम सम्झनुपर्दछ

**ग. "प्रशिक्षार्थी"** भन्नाले प्रधानमन्त्रि रोजगार कार्यक्रम संचालनका लागि सूचीकृत बेरोजगार वा नगरपालिकाको स्विकृत कार्यक्रमबाट गरिने उत्पादनमुखी क्रियाकलापमा संलग्न हुन आह्वान गरिएको सुचनाबाट छनौट भएका व्यक्ति वा उत्पादन प्रयोजनका लागि वडा समितिको सिफारिस अनुसार कार्यपालिकाबाट सुचिकृत भएका व्यक्ति/ फर्म/समूह सम्झनुपर्दछ

**घ. "प्रशिक्षक"** भन्नाले सम्बन्धित विषयवस्तु सम्बन्धि औपचारिक शिक्षा लिई प्रमाणपत्र प्राप्त गरेका कार्यालयले छनौट गरेका अनुभवी व्यक्ति वा सम्बन्धित विषयवस्तुको व्यावहारिक अनुभवबाट विशिष्टीकृत सीप हाँसिल गरेका नगरपालिकाले छनौट गरेका दक्ष र अनुभवी व्यक्ति सम्झनुपर्दछ

**ङ. "उत्पादनस्थल"** भन्नाले नगरपालिकाको सार्वजनिक सम्पत्ति वा सामुदायिक विद्यालय र विद्यालयको जग्गा वा कुनै प्रकारको उपभोक्ता समिति, समुह , सहकारीको नाममा रहेको जग्गा/भवन वा प्रचलित कानून अनुसार लिजमा लिइएको निजी जग्गा सम्झनुपर्दछ

**च. "कार्यालय"** भन्नाले भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ

**छ. "नगरसभा"** भन्नाले भद्रपुर नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

**ज. "नगरपालिका"** भन्नाले भद्रपुर नगरपालिकाको कार्यपालिका वा कार्यपालिकाले अधिकार प्रत्यायोजन गरेको समिति सम्झनुपर्दछ

**झ. "उद्यमी"** भन्नाले वित्तीय जोखिम मोलेर उत्पादन गर्ने नगरपालिकामा सुचिकृत कृषक, फर्म, समुह, सहकारी वा अन्य संस्थाहरु सम्झनुपर्दछ

**ञ. "व्यवसायी"** भन्नाले उत्पादन, व्यवसायीकरण र बजारीकरणमा कुनै साधन, यान्त्रिक उपकरण,औजार, ढुवानी सेवा, परामर्श सेवा, भण्डारण सेवा, बीमा लगायत मुल्यशृंखलामा आवश्यक सेवा प्रदान गर्न सक्ने नगरपालिकामा सुचिकृत व्यवसाय गर्ने व्यक्ति, फर्म, संस्थालाई सम्झनुपर्दछ।

**ट. "प्रमुख"** भन्नाले भद्रपुर नगरपालिका नगरप्रमुख सम्झनु पर्छ।

**ठ. "उपप्रमुख"** भन्नाले भद्रपुर नगरपालिका नगरउपप्रमुख भन्ने सम्झनु पर्छ।

**ड. "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

**ढ."आर्थिक विकास समिति"** भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २२ बमोजिम नगरसभाबाट गठन भएको समिति सम्झनु पर्दछ।

**ण. "राजस्व परामर्श समिति"** भन्नाले भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम गठित समिति सम्झनु पर्दछ।

**३. कार्यक्रमको कार्ययोजना तयार गर्नुपर्ने:** (१) सम्बन्धित विषयगत शाखाले स्विकृत कार्यक्रम अनुसार लागत, लक्षित प्रतिफल र जोखिम क्षेत्रको पहिचान सहितको वार्षिक कार्ययोजनाको मस्यौदा तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखाहरुको सहकार्य र समन्वयका क्षेत्र पहिचान गरि जिम्मेवारी किटानी सहित कार्ययोजना स्वीकृत गर्नुपर्नेछ।

## परिच्छेद २
## उत्पादन

**४. जिन्सी मालसामान, उपकरण र औजारहरुको व्यवस्थापन:** (१) स्विकृत कार्ययोजना अनुसार सम्बन्धित शाखाले कार्यक्रम संचालनका लागि प्रचलित कानून अनुसार लागत अनुमान स्विकृत र खरिद आदेश प्राप्त गरी आवश्यक जिन्सी मालसामान, उपकरण र औजारहरु खरिद तथा निर्माण कार्य गर्नुपर्नेछ।

**५. प्रशिक्षण व्यवस्थापन:** (१) कार्यालयले उत्पादनका लागि प्रशिक्षार्थी र प्रशिक्षक छनौट गर्नुपर्नेछ।

(२) कार्यालयले कुनै विषयगत शाखाका शाखा प्रमुख वा अन्य कर्मचारीलाई प्रशिक्षकको रुपमा छनौट गर्न सक्नेछ।

भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर, झापा कोशी प्रदेश, नेपाल

...ोधा पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(३) बुँदा ५(१) अनुसारको कर्माचारी उपलब्ध नभएमा बढीमा ३ महिनाको लागि सम्बन्धित क्षेत्रमा ज्ञान र विषयगत सीप हासिल गरेका कुनै व्यक्ति/संघसंस्था, सहकारी /फर्म लाइ प्रचलित कानून अनुसार सेवा करार गरी प्रशिक्षणको जिम्मेवारी दिन सिकिनेछ |

(४) बुँदा नं ५(२) र ५(३) मा जुनसुकै कुरा लेखिएको भएतापनि विषयवस्तुको व्यावहारिक अनुभवबाट विशिष्टीकृत सीप हाँसिल गरेका व्यक्तिलाइ वडा समितिको सिफारिस र कार्यपालिकाको निर्णय अनुसार कार्यालयले बढीमा ३ महिनाको लागि मासिक ज्यालादारीमा प्रशिक्षकको रुपमा छनौट गर्न सक्नेछ | यसका लागि छुट्टै परिक्षा लिनु पर्ने छैन ।

(५) कार्यालयले कम्तिमा ७ दिनको सुचना आह्वान गरी कुनै विषयमा प्रशिक्षार्थी छनौटका लागि निवेदन माग गरि प्रशिक्षार्थी सुचिकृत गर्नुपर्नेछ |

(६) उत्पादन प्रयोगका लागि सुचिकृत प्रशिक्षार्थी नै प्रयोग गर्नुपर्नेछ तर विशेष परिस्थितिमा उत्पादनका थप प्रशिक्षार्थी आवश्यक भएमा वडा समितिको सिफारिसमा अन्य प्रशिक्षार्थीहरुलाई समेत उत्पादनमा प्रयोग गर्न सकिनेछ |

**६. उत्पादन:** (१) प्रशिक्षकले प्रशिक्षार्थीलाइ स्विकृत कार्ययोजना अनुसार उत्पादनको लागि कार्यस्थलमा आधारित वा उत्पादनमुखी अन्य तालिम प्रदान गर्नुपर्नेछ |

(२) कार्यालयले सम्बन्धित वडाध्यक्षले प्रामाणित गरेको हाजिरीको आधारमा उत्पादनमुखी तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई नेपाल सरकारले तोकेको न्युनतम ज्याला र प्रशिक्षकलाई नगरपालिकाले तोकेको रकम अनुसार पारिश्रमिक उपलब्ध गराउनुपर्नेछ |

(३) उत्पादनको जिम्मेवारी सम्बन्धि विषयगत शाखा र प्रशिक्षकको हुनेछ |

## परिच्छेद ३
## बजारीकरण

**७. न्युनतम मुल्य निर्धारण:(१)** राजश्व परामर्श समितिले कृषी उपजका लागि कृषिथोक बजारको मुल्य र स्थानीय बजारमा उपभोक्ताले खरिद गर्ने बजारभाउलाई आधार मानी तथा गैर कृषी बस्तुका लागि प्रचलित बजारमूल्य तथा कच्चा पदार्थको खरिद ढुवानी समेतलाई अधार मानी न्युनतम मुल्य निर्धारण गर्नुपर्नेछ |

(२) बुँदा ७(१) अनुसार बजारभाउ निर्धारण गर्दा बजारसम्मको ढुवानी, उत्पादन उपभोग गरिसक्नुपर्ने अनुमानितसमयावधि लगायतका परिस्थतिजन्य आधारहरुलाई समेत प्रयोग गर्नुपर्नेछ |

**८. बजारीकरण:** (क) उत्पादनको बजारीकरणका लागि देहायअनुसारको प्राथमिकताक्रम प्रयोग गर्नुपर्नेछ |

(ख) उत्पादनको उपभोग गरिसक्नुपर्ने आयुलाई मध्यनजर गरि कार्यालयले ३ देखि १५ दिन सम्मको सूचना आह्वान गरि सबैभन्दा बढी कबोल गर्ने फर्म, समूह, सहकारीलाइ कबोल गरेको अंकमा उत्पादन बिक्रि गर्ने।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(ग) ८(ख) अनुसार बिक्रि नभएमा उत्पादन बिक्रीका लागि नगरपालिकाले अन्य सरकारी कार्यालय र कुनै गैरनाफामुलक संस्थालाइ निर्धारित न्युन्तम मुल्यमा उत्पादन बिक्रि गर्न सक्नेछ |

(घ) ८(ग) मा उल्लेख भए अनुसार बिक्रि नभएमा नगरपालिकाले उत्पादनलाई प्याकेजिंग गरेर मुल्य देखिने लेबल सहित न्युनतम बिक्रि दरभन्दा १० देखि १५ प्रतिशत सम्मको बढी मुल्यमा लेबल राखी व्यवसायीहरुलाई सोझै न्युनतम मुल्यमा उत्पादन बिक्रिका लागि वितरण गर्न सक्नेछ |

(ङ) नगरपालिकाले स्थानीय कच्चा पदार्थमा आधारित उत्पादन र कृषि उपज विक्री गर्ने प्रयोजनका लागि कुनै स्थानमा संचालन गरेको कोशेली घर वा अन्य बिक्रि केन्द्र/स्टल मार्फत प्याकेजिंग र लेबलिंग गरी उत्पादन बिक्रि गर्न सक्नेछ |

(च) उल्लेखित प्रकृया अनुसार बिक्रि नभई कुनै चिस्यान केन्द्र वा अन्य स्टोरेज फ्यासिलिटीमा उत्पादन राखी वा कुनै अन्य विधि प्रयोग गर्दा लागत प्रभावी हुने देखिएमा सोहि अनुसार भण्डारण गर्न सकिनेछ |

(छ) उल्लिखित कुनै विधिबाट समेत उत्पादन बिक्रि नभएमा उत्पादनमा सहयोग गर्ने कुनै समूह, सहकारी, समुदाय, छात्रावास, विद्यालय, पुनर स्थापना केन्द्र, संरक्षण गृह, सार्वजनिक भोजनालय वा टोल विकास संस्था वा आर्थिक रुपमा विपन्न घरपरिवारहरुलाई लगत राखी उत्पादन वितरण गर्न सकिनेछ |

(ज) उल्लेखित सबै प्रकृया पुरा गर्दा पनि उत्पादन वितरण हुन नसकी मानव स्वास्थ्यलाइ अनुकुल हुने गरी उत्पादन उपभोग गर्ने आयु समाप्त भएमा उत्पादनलाई नगरपालिका वा कुनै व्यवसायीले व्यवस्थापन गरेको मल उत्पादनकेन्द्रमा मल उत्पादनको लागि प्रयोग वा वितरण गर्न सक्नेछ |

९. **गुणस्तर निर्धारण:** (१) कार्यालयले कृषिजन्य उत्पादनकालागि सम्भव भएसम्म जैविक मल र जैविक विषादीको प्रयोगलाइ प्रोत्साहन गर्नुपर्नेछ |

(२) कार्यालयले प्रचलित कानून अनुसार उत्पादनको गुणस्तर परीक्षण गरी प्याकेजिंग र लेबेलिंग गर्दा सम्बन्धित गुणस्तर देखिने छाप प्रयोग गर्न सक्नेछ |

(३) बुँदा नं. ८ मा जुनसुकै कुरा उल्लेख भएता पनि नगरपालिकाको लगानीमा उत्पादित कृषी तथा गैर कृषी उत्पादनलाई कार्यपालिकाले निणर्य गरी तद् अनुरुप व्यवस्थापन गर्न बाधा पर्ने छैन |

## परिच्छेद ४

## उद्यमीलाइ उत्पादन र बजारीकरणमा प्रोत्साहन

१० **उत्पादनमा प्रोत्साहन:** (१) नगरपालिकाले कुनै उद्यमीलाई उत्पादनमा प्रोत्साहन गर्नका लागि उत्पादनमा आधारित अनुदान तथा लागत सान्झेदारीमा चालु खर्च र पुँजीगत खर्चमा अनुदान उपलब्ध गराउन सक्नेछ |

(२) बुँदा १०(१) अनुसार अनुदान उपलब्ध गराउंदा उद्यमीहरुलाई छनौट हुने समान अवसर प्रदान गर्ने गरि कार्यालयले मापदण्ड निर्धारण गरी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ |

(३) बुँदा १०(२)अनुसार मापदण्ड तयार गर्दा उद्यमका लागि सामुहिक प्रयास, आयतनको लाभ (Economy of scales) र व्यावसायिक उत्पादनलाइ प्रोत्साहन गर्ने गरि गर्नुपर्नेछ |

नगरपालिकाको कार्यालय
भद्रपुर झापा
प्रदेश, नेपाल

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(४) बुँदा (२) अनुसार छनौट भएका उद्यमीहरुलाई बुँदा (१) अनुसार "उत्पादनमा आधारित अनुदान" उपलब्ध गराउंदा उत्पादनको आधारमा समानुपातिक हुने गरि आर्थिक विकास समितिको सिफारिसमा नगरपालिकाले तोकेको दर अनुसार अनुदान उपलब्ध गराउनु पर्नेछ।

(५) बुँदा (२) अनुसार छनौट भएका उद्यमीहरुलाई बुँदा (१) अनुसार "लागत साझेदारी अनुदान" उपलब्ध गराउंदा उद्यमीले चालु खर्चको हकमा कम्तिमा ५०% र पुँजीगत खर्चमा कम्तिमा १५% लागतसंझेदारी अनिवार्य रुपमा गर्नुपर्नेछ।

**११. व्यवसायीकरण र बजारीकरणमा प्रोत्साहन:** (१) नगरपालिकाले उद्यमशीलता अभिवृद्धिका लागि कुनै व्यवसायीलाई व्यवसायीकरण र बजारीकरणका लागि "लागत साझेदारीमा अनुदान" उपलब्ध गराउन सक्नेछ।

(२) बुँदा ११(१) अनुसार अनुदान उपलब्ध गराउंदा उद्यमीहरुलाई छनौट हुने समान अवसर प्रदान गर्ने गरी कार्यालयले मापदण्ड निर्धारण गरी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) बुँदा ११(२) अनुसार छनौट भएका उद्यमीहरुलाई बुँदा (१) अनुसार "लागत साझेदारी अनुदान" उपलब्ध गराउंदा उद्यमीले चालु खर्चको हकमा कम्तिमा ५०% र पुँजीगत खर्चमा कम्तिमा १५% लागत साझेदारी अनिवार्य रुपमा गर्नुपर्नेछ।

(४) बुँदा ११(२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादनको व्यवसायीकरण र बजरिकरणमा सहयोग गर्ने उद्धेश्यले स्थापना भएको कुनै गैर नाफामुलक व्यवसायलाई नगरपालिकाको निर्णय अनुसार सोझै अनुदान उपलब्ध गराउन सकिनेछ।

**१२. वस्तुगत अनुदान :** बुँदा १० र बुँदा ११ मा जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादन, व्यवसायीकरण र बजारीकरणमा सहयोग गर्ने उद्देश्यले नगरपालिकाले तोकेको मापदण्ड अनुसार कार्यालयले मालसामान खरिद गरी उद्यमी र व्यवसायीहरुलाई वस्तुगत अनुदान उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद ५
## विविध

**१३. सशर्त अनुदान :** (१) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानतर्फका कार्यक्रमहरु कार्यान्वयन गर्दा अनुदानको शर्त अनुसार कार्यसम्पादन गर्न यो कार्यविधिले बाधा गरेको मानिने छैन।

(२) बुँदा १३(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सशर्त अनुदानको अधिनमा रही यस कार्याविधिको प्रक्रिया अवलम्बन गरी कार्यसम्पादन गर्न सकिनेछ।

**१४. पारदर्शिता :** (१) यस कार्यविधि अनुसार वितरण भएको अनुदानको विवरण कार्यालयले वेभसाइटमा प्रकाशित गर्न सक्नेछ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(२) बुँदा (१) अनुसार प्रकाशित विवरणमा अनुदानको दुरुपयोग सम्बन्धि उजुरी परेमा कार्यालयले सम्बन्धित उद्यमी वा व्यवसायीबाट सरकारी हानीनोक्सानी भए नभएको छानबिन गरी नगरपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) बुँदा १४(२) अनुसार छानबिन गर्दा हानीनोक्सानी भएको पाईएमा नगरपालिकाको निर्णय अनुसारको रकम कार्यालयले सम्बन्धित उद्यमी र व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ।

**१५. संशोधन थपघट तथा खारेजी:** (१) प्रस्तुत कार्यविधिको संशोधन थपघट तथा खारेजी गर्ने अधिकार भद्रपुर नगर कार्यपालिकालाई हुनेछ।

**१६. यसै बमोजिम भए गरेको मानिने:** (१) यो कार्यविधि स्वीकृत हुनुपूर्व नगरपालिका र कार्यालयबाट उत्पादन, व्यवसायीकरण र बजारीकरण सम्बन्धि भएका कार्यहरु यसै कार्यविधि ब
मोजिम भएको मानिनेछ।

आशा पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

आज्ञाले
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत